आज मिति २०७८ साल आश्विन २२ गते शुक्रवारका दिन यस नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | अनुपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | अनुपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| का.वा.अध्यक्ष, व्यास ४ | श्री मनबहादुर गुरुङ | उपस्थित |
| वरिष्ठ अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१ : अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२ : कार्यविधिहरु संशोधन सम्बन्धमा ।
प्रस्ताव नं.३ : टोल विकास संस्था र उपभोक्ता समिति पदाधिकारीहरुलाई प्रशिक्षण दिने सम्बन्धमा ।
प्रस्ताव नं.४ : सार्वजनिक नीजि साझेदारी योजना सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.५ : शुभकामना सम्बन्धमा ।
प्रस्ताव नं.६ : समाधि स्थल संयोजन तथा व्यवस्थापन समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं.७ : कोभिड अस्पताल निर्देशक एवं व्यवस्थापन समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं.८ : कोभिड अस्पतालमा व्यवस्थापनको लागि सफाई कर्मचारी राख्ने सम्बन्धमा ।
प्रस्ताव नं.९ : कोभिड अस्पतालमा व्यवस्थापनमा फार्मेसी सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं. १० : शिक्षक दरबन्दी थप सम्बन्धमा ।
प्रस्ताव नं.११ : कृषि प्रविधि हस्तान्तरण सम्बन्धमा ।
प्रस्ताव नं.१२ : मादी नदी बोट सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.१३ : सम्झौता भइसकेको कर्मचारीको घर भाडा सम्बन्धमा ।
प्रस्ताव नं. १४ : अत्यावश्यक कार्यक्रम तथा योजनामा रकम विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं. १५ : नेपाल नगरपालिका संघको सदस्यता नवीकरण सम्बन्धमा ।
प्रस्ताव नं. १६ : पराशर आश्रमको थप निर्माण काम सम्बन्धमा ।
प्रस्ताव नं. १७ : जिरोपोलिथिन अभियान कार्यक्रम सम्बन्धमा ।

निर्णयहरुः

**निर्णय नं.१ :** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा २०७८।६।७ गते भएको कार्यपालिका बैठकको निर्णयहरु र कार्यान्वयन पक्षको समीक्षा गरियो ।

**निर्णय नं.२ :** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका कार्यविधिहरु संशोधन गर्ने निर्णय गरियो ।

(क) व्यास नगर कोभिड व्यवस्थापन अस्पताल सञ्चालन कार्यविधि, २०७८
(ख) व्यास नगरपालिका एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८

**निर्णय नं.३ :** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्र गठन भएका टोल विकास संस्था र उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजना निर्माण र कार्यान्वयन सम्बन्धमा वडासँग समन्वय गरी प्रशिक्षण दिन शहरी पूर्वाधार विकास तथा प्राविधिक शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४ :** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा सार्वजनिक निजी साझेदारी अन्तर्गत उदाहरणीय योजना सञ्चालनका लागि मानहुँकोट, नारेश्वर ताल लगायतका पर्यटकीय प्रवर्द्धनमा टेवा पुऱ्याउने योजनाहरुलाई अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.५ :** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाका तर्फबाट वि.सं. २०७८ को वडादशैं, शुभ-दीपावली, छठ पर्व, नेपाल सम्वत, इद लगायतका महान् पर्वहरुमा नगरवासीहरुलाई हार्दिक शुभकामना व्यक्त गर्ने निर्णय गरियो । साथै कोभिड-१९ को असर अझै बाँकी रहेको हुँदा उल्लेखित चाडपर्वहरुलाई सतर्कतापूर्वक मनाउन समेत नगरवासीमा अनुरोध गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.६</u> :** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका क्षेत्र भित्रका क्रिश्चियन धर्मावलम्वीहरुको समाधि स्थलको व्यवस्थापन गर्न व्यास नगरपालिका वडा नं.५ का वडाध्यक्ष श्री मोहन कुमार श्रेष्ठको अध्यक्षतामा संयोजन तथा व्यवस्थापन समिति गठन गर्ने  निर्णय गरियो ।

| | |
|---|---|
| (क) संयोजक | श्री मोहन कुमार श्रेष्ठ |
| (ख) सदस्य | श्री खरसिंह दरै |
| (ग) सदस्य | श्री प्रेमकुमार श्रेष्ठ |
| (घ) सदस्य | श्री विश्वराज न्यौपाने |
| (ङ) सदस्य | श्री तुलसीराम सापकोटा |
| (च) सदस्य | श्री कल्पना पोखेल |
| (छ) सदस्य सचिव | श्री नगेन्द्रप्रसाद रेग्मी |

**<u>निर्णय नं.७</u> :** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगर कोभिड अस्पताल सञ्चालनको लागि आवश्यक पर्ने देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

(क) <u>निर्देशक समिति -७ सदस्यीय</u>

| | |
|---|---|
| (१) नगर प्रमुख श्री वैकुण्ठ न्यौपाने | संयोजक |
| (२) उपप्रमुख श्री मिरा जोशी | सदस्य |
| (३) प्रमुख प्रशासकीय अधिकृत श्री डिल्लीराम सिग्देल | सदस्य |
| (४) वडाध्यक्ष श्री तुलसीराम सापकोटा | सदस्य |
| (५) कार्यपालिका सदस्य श्री सतिशचन्द्र न्यौपाने | सदस्य |
| (६) कार्यपालिका सदस्य श्री चन्द्रमाया परियार | सदस्य |
| (७) शाखा प्रमुख श्री प्रमोद सोती | सदस्य सचिव |

(ख) <u>अस्पताल व्यवस्थापन समिति- ९ सदस्यीय</u>

| | |
|---|---|
| (१) वडा अध्यक्ष श्री तुलसीराम सापकोटा | अध्यक्ष |
| (२) वडाध्यक्ष श्री निरबहादुर खड्का | सदस्य |
| (३) कार्यकारीणी सदस्य श्री सुनसरी गुरुङ | सदस्य |
| (४) व्यास नगर स्वास्थ्य शाखा प्रमुख श्री प्रमोद सोती | सदस्य |
| (५) टोल अध्यक्ष श्री यज्ञप्रसाद शर्मा | सदस्य |
| (६) सहकारी अध्यक्ष श्री कृष्ण रिजाल | सदस्य |
| (७) महिला स्वास्थ्य स्वयंसेविका श्री अनिता वानिया | सदस्य |
| (८) समितिले मनोनयन गरेको विशेष योगदान दिने | सदस्य |
| (९) स्वास्थ्य संस्था प्रमुख डा.सुरज घिमिरे | सदस्य सचिव |

**<u>निर्णय नं.८</u> :** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगर कोभिड अस्पताल सञ्चालनको लागि आवश्यक पर्ने जनशक्ति अन्तर्गत कार्यालय सहयोगीलाई काम गरेका मितिदेखि लागू हुने गरी मासिक रु.१४,५००। पारिश्रमिक दिने गरी व्यास १० दुम्सी बजार निवासी श्री तिलकुमारी थापालाई २०७९ आषाढ मसान्तसम्म सेवा करारमा नियुक्ति गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.९</u> :** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास नगर कोभिड व्यवस्था अस्पतालमा उपलब्ध हुने निःशुल्क औषधी बाहेक अन्य औषधी खरिद गरी अस्पताल परिशरमा नै औषधी व्यवसाय सञ्चालन गर्ने कार्यका लागि तत्काल रु.५,००,०००। (पाँच लाख) उपलब्ध गराउने समेत निर्णय गरियो ।

**निर्णय नं.१०** : प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका क्षेत्रभित्र रहेका विद्यालयहरुमा आ.व. २०७८/०७९ का लागि एक बर्षे राहत दरबन्दी प्राप्त हुन आएको हुँदा देहाय बमोजिमका विद्यालयहरुमा उक्त दरबन्दी थप गर्ने निर्णय गरियो ।

(क) मा.वि.तह तर्फ :

-शिव माध्यमिक विद्यालय, व्यास १० – एक
-अमर सिं माध्यमिक विद्यालय, व्यास ११ – एक
-इन्दु माध्यमिक विद्यालय, व्यास ६ – एक
-बाल मन्दिर माध्यमिक विद्यालय, व्यास २ – एक

(ख) आधारभूत विद्यालय तर्फ :

-गुदी फच्याङ नि.मा.वि., व्यास १३ – एक
-सिद्धवेनी आधारभूत विद्यालय, व्यास १३ – एक
-बसन्त आधारभूत विद्यालय, व्यास ११ – एक
-जनता आधारभूत विद्यालय, व्यास १० – एक

**निर्णय नं.११** : प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको अनुदान र सम्बन्धित कृषकको २,००,०००। दुई लाख लागत सहभागिता रहने गरी खरिद गरिएको कृषि सम्बन्धी प्रविधि अन्तर्गतका २ वटा ट्याक्टर हस्तान्तरणका लागि सम्बन्धित समितिबाट सिफारिस भई आएका तपसिल बमोजिमका सहकारी संस्थाहरुलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

(क) क्लष्टर १ अन्तर्गत रहेको युगबोध सहकारी संस्था व्यास ५
(ख) क्लष्टर २ अन्तर्गत रहेको शिशुवा भतेरी सहकारी संस्था व्यास १०

**निर्णय नं.१२** : प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा मादी नदीमा मोटर बोट सञ्चालनका लागि भरतपुर १ वारायणका अल्टीमेट वाटर एडभेन्चर प्रा.लि. ले वातावरणीय अध्ययन स्वीकृत गराई सेती मादी नदीमा अनुमति माग भएकोमा नगरपालिका क्षेत्र भित्रका लागि सेती मादी नदीमा नियमानुसार दस्तुर लिई सञ्चालन अनुमति दिने निर्णय गरियो । साथै सम्झौता भएका मितिले ३ महिना भित्र सञ्चालन नगरेमा सञ्चालन अनुमति खारेज गरिने समेत निर्णय गरियो ।

**निर्णय नं.१३** : प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा घर भाडा सुविधा लिइरहेका कर्मचारीहरुको सम्झौता भइसकेकाको हकमा सम्झौता बमोजिम घर भाडा उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं.१४** : प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा अत्यावश्यक प्रकृतिका देहाय बमोजिमका कार्यक्रम तथा योजनाहरुमा निम्नानुसारको रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | शीर्षक |
|---|---|---|---|---|
| १. | आदिकवि भानुभक्त क्याम्पस विद्यार्थी स्वागत सम्मान | १ | २०,०००। | १५७ |
| २. | यातायात मजदुर श्रमिक कार्यालय भवन निर्माण | १ | ५०,०००। | ७८५ |
| ३. | राष्ट्रिय लोक दोहोरी गीत प्रतिष्ठान (जिल्ला साधारण सभा सहयोग | २ | ३०,०००। | २०८ |
| ४. | व्यास नगर आमा समूह तिज व्यवस्थापन सहयोग | ३ | ३५,०००। | ५७ |
| ५. | कालिका शहिद पार्क वडा दशैं | ४ | ६०,०००। | ६७ |
| ६. | नेपालटार टोल डुडे खोल्सी खानेपानी मर्मत | ५ | १,५०,०००। | ७९४ |

| | | | | |
|---|---|---|---|---|
| ७. | टिकाराज पण्डित घर संरक्षण | ५ | ३०,०००। | विपद |
| ८. | व्यास ५, म्याग्दे १ को साँधमा रहेको पाँचघारेमा शौचालय निर्माण | ५ | २,००,०००। | ८५४ |
| ९. | इज्जत अलि मिया घर संरक्षण | ६ | ३५,०००। | विपद |
| १०. | बावुराम परियार घरको पैह्रो पन्छाउने | ६ | २०,०००। | विपद |
| ११. | ठूलोपँधेरा जाने बाटो निर्माण (रातमाटा) | ६ | २५,०००। | ७४४ |
| १२. | गलेखामकोट गीत अडियो, भिडियो तयारी थप | ६ | ६०,०००। | ८१ |
| १३. | सिमलटार नरङ्गा टोल चौतारा निर्माण | ७ | ८०,०००। | ८५८ |
| १४. | क्यामिनकोट मा.वि. भवन झ्यालको पल्ला हाल्ने | ७ | १,७५,०००। | ७७२ |
| १५. | बसन्तकाली प्रा.वि. कम्पाउण्ड निर्माण योजना | ७ | २,४०,०००। | ७७२ |
| १६. | बलहादुर गौलीको बिमारे खेत कुलो संरक्षण | ८ | ३५,०००। | ७८९ |
| १७. | सुनमाया गुरुङ्ग सिँचाई पाइप खरिद | ८ | ५०,०००। | ७८९ |
| १८. | उमा कृषि तथा पशु फर्म खोर निर्माण | ८ | २,००,००। | १९५ |
| १९. | बर्लाची स्वास्थ्य सेवा कार्यालय व्यवस्थापन | ८ | ५,००,०००। | ७८१ |
| २०. | नाब्रुङ मार्ग मर्मत सुधार | ९ | १,३५,०००। | |
| २१. | लामीडाँडा सामुदायिक भवन निर्माण | १० | ४,००,०००। | ७८५ |
| २२. | PCR ल्यावको सुरक्षाका लागि मेकाफेरी जाली लगाउने | १० | १,३५,६९४। | १८० |
| २३. | महेन्द्र आले घर संरक्षण | ११ | १०,०००। | विपद् |
| २४. | पूर्णबहादुर आले घर संरक्षण | ११ | १५,०००। | विपद् |
| २५. | मनुमाया मझकोटी | ११ | १५,०००। | विपद् |
| २६. | भु.पु. कल्याणकारी कोष भवन विद्युत पानी जडान | ११ | ४०,०००। | ७९४ |
| २७. | खड्गकाली मन्दिर रङ्गरोगन, बाटो मर्मत समेत | ११ | ४४,०००। | १३१ |
| २८. | सूर्योदय प्राथमिक विद्यालय कम्पाउण्ड गर्ने कार्य | ११ | ४,००,०००। | ७७२ |
| २९. | टिम नियो तनहुँ छाब्दी बाराही सफाई सहयोग | १२ | २०,०००।०० | ३२ |
| ३०. | रेडियो देवघाट सहयोग | | २५,०००।०० | ३१ |

**निर्णय नं.१५** : प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा नेपाल नगरपालिका संघको सदस्यता नवीकरण शुल्कका बारेमा उक्त संघबाट २०७८/५/२९ मा पत्र प्रेषित भएको हुँदा रू.५०,०००। नवीकरण शुल्क बजेट शिर्षक नं.४० बाट खर्च हुने गरी पठाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१६** : प्रस्ताव नं. १६ का सम्बन्धमा छलफल हुँदा पराशर आश्रमबाट २०७८/६/२२ मा कम्पाउण्ड समेतको योजना माग भई आएकोले उक्त सक्कल निवेदन, ल.ई. समेत तनहुँ जल विद्युत परियोजनामा सहयोगका लागि लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं.१७** : प्रस्ताव नं. १७ का सम्बन्धमा छलफल हुँदा जिरोपोलिथिन अभियान व्यास नगरपालिकाको विभिन्न वडाहरुमा सञ्चालन गर्ने र ग्रिन हाउस कियसन प्रा.लि. ललितपुर मार्फत भएको उक्त कार्यक्रमको प्रस्ताव बमोजिम रकम रू.२०,००,०००। (बिस लाख) भुक्तानीका लागि प्रकृया अगाडि बढाउने निर्णय गरियो ।